(मा.उपप्रधानमन्त्रीबाट स्वीकृत मितिः२०७२ पौष २८)

# आदिवासी जनजाति जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि २०७२

**प्रस्तावना** ः

नेपालको संविधानले सामाजिकन्यायमाआधारितसमावेशीविकासको अवधारणालाईआत्मसातगरेको परिप्रेक्ष्यमासंविधान र अन्यमौजुदाकानूनएवंनीतिमाउल्लिखितप्रावधानहरुलाई कार्य रुपमा रुपान्तरण गरीउक्तवर्गलाई विकासको मूलप्रवाहमाल्याउनविभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालितकार्यक्रमहरु बीचसमन्वयकायम गरीउक्तकार्यक्रमहरुलाईपारदर्शी, जनमुखी, उत्तरदायीर प्रभावकारीबनाउनआदिवासीजनजातिसँग सम्बन्धितकार्यक्रमहरु तर्जुमा, कार्यान्वयन, अनुगमनतथामूल्याङ्कनमा सहयोग र समन्वयगर्न जिल्लातहमासमन्वय समिति गठन गर्न वाञ्छनीय भएकोले नेपाल सरकार, संघीय मामिलातथा स्थानीयविकास मन्त्रालयले यो “आदिवासीजनजातिजिल्ला समन्वय समिति(गठन तथाकार्यसञ्चालन) कार्यविधि,२०७२”तर्जुमा गरी लागू गरेको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ** ः(१) यस कार्यविधिको नाम“आदिवासीजनजातिजिल्ला समन्वय समिति (गठन तथाकार्यसञ्चालन) कार्यविधि, २०७२” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्तप्रारम्भ हुनेछ ।

**२. परिभाषा** ःविषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “अध्यक्ष”भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) “उपाध्यक्ष”भन्नाले दफा ६ बमोजिमको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) “सदस्य”भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(घ) “समिति”भन्नाले दफा ३ बमोजिम गठन भएको आदिवासीजनजातिजिल्ला समन्वय समिति सम्झनु पर्छ ।

**३. समितिको गठन** ःआदिवासीजनजातिजिल्ला समन्वय समितिमा देहायका सदस्यहरु रहनेछन् :-

क) जिल्लाविकास समितिको सभापतिवा सभापतिको कामकाज गर्ने गरी तोकिएको पदाधिकारी - अध्यक्ष

(ख) संघीय मामिलातथा स्थानीयविकास मन्त्रीको निर्णयबाट मनोनयनहुने जिल्लाभित्रआदिवासीजनजाति समुदायको हक, अधिकार र विकासका क्षेत्रमाक्रियाशील एक जनाआदिवासीजनजातिव्यक्ति उपाध्यक्ष

(ग) प्रमुखजिल्लाअधिकारी वानिजले तोकेको सहायकप्रमुखजिल्लाअधिकारी - सदस्य

(घ) जिल्लाप्रहरी कार्यालय प्रमुख - सदस्य

(a) जिल्लाशिक्षाअधिकारी - सदस्य

(च)जिल्लाकृषिविकास कार्यालयकाप्रमुख - सदस्य

(छ) जिल्लापशु सेवाकार्यालयकाप्रमुख -सदस्य

(ज) जिल्ला स्वास्थ्य/जनस्वास्थ्यकार्यालय प्रमुख -सदस्य

(झ) जिल्ला सरकारी वकिलको कार्यालय प्रमुख -सदस्य

(ञ) जिल्लाविकास समितिकोयोजना, अनुगमनतथाप्रशासकीयअधिकृत -सदस्य

(ट) महिला तथा बालवालिका कार्यालयका प्रमुख - सदस्य

(ठ) घरेलुतथा सानाउद्योग कार्यालय/समितिको कार्यालय प्रमुख - सदस्य

(ड)आदिवासीजनजातिमहासंघ जिल्ला समन्वय परिषद्ले तोकेकोकम्तिमाएक महिलासहितदुई जनाप्रतिनिधि - सदस्य

(ढ)स्थानीय विकास अधिकारीले तोकेको जिल्ला विकास समितिको अधिकृत - सदस्य सचिव

**४.समितिको काम, कर्तब्य र अधिकारः-**समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ :-

(क)आदिवासीजनजातिको विकासका सम्बन्धमा सरकारी, गैरसरकारी र निजी क्षेत्रकाकार्यक्रमहरुको निरीक्षण, सुपरिवेक्षण तथाअनुगमन गरी नियमितता, मितव्ययिता, पारदर्शितार प्रभावकारिताअभिबृद्धि गर्न जिल्लाविकास समितिमार्फत सम्बन्धितनिकायमासिफारिस गर्ने,

(ख) आदिवासीजनजातिहरुको जिल्ला,नगर,गाउँमा खण्डीकृत तथ्याङ्कहरु तयारीएवं अद्यावधिकगर्न सहयोग गर्ने, गराउने,

(ग) सहभागितामूलक योजनातर्जुमा पद्धतिमा लक्षितवर्गको सहभागिता सुनिश्चितगर्न सहजीकरण गर्ने,

(घ) स्थानविशेषकाआदिवासीजनजातिहरुको समस्यापहिचान गरी समाधानपहिल्याउनस्थानीयस्तरमाकार्यरत सरकारी, गैरसरकारी र सामाजिक संघ संस्थाहरुलाई सकृय रुपमा परिचालनगर्ने, गराउने,

(ङ) आदिवासीजनजातिलाई विकासको मूलप्रवाहमाल्याउनजिल्लास्तरीयक्षेत्रगतनीतिहरु तयार गरी जिल्लाविकास समितिलाई सिफारिस गर्ने,

(च) आदिवासीजनजातिकालागि स्थानीयआवश्यकताअनुरुपकार्यक्रमएवं बजेटतर्जुमा, कार्यान्वयन र अनुगमनतथामूल्याङ्कनकार्यमा सहयोग गर्ने ।

(छ) जिल्लामा आदिवासी जनजातिको क्षेत्रमा कार्य गर्ने संघ, संस्था तथा यसका सदस्यहरुको क्षमता विकास र सशक्तीकरण गर्ने, गराउने,

(ज) नेपालको संविधानमा अन्तर्निहित आदिवासी जनजातिहरुको हक अधिकार एवं कर्तव्य सम्बन्धमा सरोकारवाला निकायहरुलाई सुसूचित गर्ने,

(झ) आदिवासी जनजातिको मौलिक पहिचान संरक्षण एवं सम्वर्द्धनगर्दै सबै जातजाति, क्षेत्र र वर्गबीच सामाजिक सद्भाव अभिबृद्धि गर्ने । यसका लागि जिल्लास्थित सार्वजनिक निकाय, गै.स.स., नागरिक समाज, सामुदायिक संस्था, आदि परिचालनगर्ने,

(ञ) सामाजिक परिचालन मार्फत लक्षित वर्गको सशक्तिकरण गर्ने,

(ट) आदिवासी जनजातिको सशक्तिकरण एवं विकाससंग प्रत्यक्ष सम्बन्धित रहेका लक्षित कार्यक्रमहरुको समन्वय गर्ने,

(ठ) विकास निर्माणको विभिन्न चरणहरुमा आदिवासी जनजातिहरुको अर्थपूर्ण सहभागिता, उत्थान तथा विकासका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लगायत अन्य

कार्यान्वयनमा रहेका नियमावली, नीति, रणनीति, कार्यविधिहरुमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्नेगराउने,

(ड) जिल्लामा विभिन्न निकायहरुबाट आदिवासी जनजातिको लागि लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको स्थान र विषयगत क्षेत्र अनुसारको अभिलेख तयार गर्ने,अद्यावधिक गर्ने गराउने,

(ढ) स्थानीय निकायबाट स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटबाट लक्षित (आदिवासी जनजाति) वर्ग लाभान्वित हुने अवस्था सुनिश्चित गर्ने,

(ण) जिल्लामा नेपाल सरकार,विषयगत कार्यालयहरु तथा स्थानीय निकायबाट सञ्चालित आदिवासी जनजातिको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने ।

**५. समितिको बैठक सञ्चालनसम्बन्धी कार्यविधि** :(१) समितिको बैठक १ बर्षमा कम्तीमा ६ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाबै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषयसहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ ।

**६. उपाध्यक्ष सम्बन्धी थप व्यवस्था** :(१) समितिमा एक जना उपाध्यक्ष रहनेछ जसको नियुक्तिको निर्णय नेपाल सरकार (मन्त्रीस्तर) बाट हुनेछ ।

(२) उपाध्यक्षको पदावधि बढीमा चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायको निर्वाचन सम्पन्न भएपछिनिज आफ्नो पदबाट स्वतः मुक्त हुनेछ ।

**७. उपाध्यक्षको सेवा, शर्त र सुविधा** :(१) समितिको उपाध्यक्षले मासिक रुपमा रु.५०००।(कर समेत) नियमित पारिश्रमिक पाउनेछ । उक्त पारिश्रमिकको व्यवस्था जिल्ला विकास समितिले मिलाउनेछ । उपाध्यक्ष बाहेक अन्य पदाधिकारीहरुले नियमित पारिश्रमिक वा अन्य सुविधा पाउने छैनन् । तर समितिको बैठकमा भाग लिए वापत जिल्ला विकास समितिका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन्। जिल्ला विकास समितिले बैठक भत्ता, भ्रमण खर्च तथा अनुगमन सम्बन्धी खर्चको व्यवस्था अनुदान तथा कोषतर्फको सम्बन्धित शीर्षकमा नै व्यवस्था गर्न सक्नेछ ।

*(तर समितिको उपाध्यक्षले मासिक रुपमा रु.५०००। (कर समेत) नियमित पारिश्रमिक पाउने हकमा अर्थमन्त्रालयबाट स्वीकृत प्राप्त भएपछि लागू हुनेछ ।)*

(२)समितिकोउपाध्यक्षले कामको सिलसिलामा भ्रमण गर्दा जिल्ला विकास समितिको सभापति वा सभापतिको कामकाज गर्ने गरी तोकिएको पदाधिकारीबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ । भ्रमण आदेश स्वीकृत गर्दा भ्रमण प्रयोजन समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(३) समितिको उपाध्यक्षले भ्रमण गरी फर्केको पैंतीस दिनभित्र भ्रमण प्रतिवेदन पेश गर्नु पर्नेछ । भ्रमण प्रतिवेदन प्राप्त भएपछि जिल्ला विकास समितिले नियमानुसार भ्रमण भत्ता भुक्तानी गर्नेछ ।

(४) जिल्ला विकास समितिले आफ्नो नियमित बैठक, योजना तर्जुमा गोष्ठी र जिल्ला परिषद्मा समितिको उपाध्यक्षलाई आमन्त्रण गर्न सक्नेछ । यसरी उपस्थित भएको अवस्थामा उपाध्यक्षले जिल्ला विकास समितिको सदस्यले पाए सरह बैठक भत्ता पाउने छ ।

(५)कार्यालय समय बाहेक र बिदाको दिनमा समितिको बैठक बस्नु पर्दाउपाध्यक्ष बाहेक अन्य पदाधिकारीहरुले समितिको बैठकमा भाग लिए वापत जिल्ला विकास समितिका सदस्यले पाए सरहकोबैठक भत्ता पाउनेछ । यस्तो भत्ता उपलब्ध गराउँदा जिल्ला विकास समितिको प्रशासनिक खर्चको सीमा भित्र रही उपलब्ध गराउनु पर्नेछ । साथै जिल्ला विकास समितिले बैठक भत्ता, भ्रमण खर्च तथा अनुगमन सम्बन्धी खर्चको व्यवस्था अनुदान तथा कोषतर्फको सम्बन्धित शीर्षकमा नै व्यवस्था गर्न सक्नेछ ।

तर उपदफा ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका पदाधिकारी बाहेक अन्य आमन्त्रित सदस्यलाई भत्ता उपलव्ध गराइने छैन ।

**८. उपाध्यक्षको आचरण एवं दायित्व** ःनिज नेपालको प्रचलित संविधान, कानून **एवं** नेपाल सरकारको नीति तथा कार्यक्रम प्रति पूर्ण रुपमा वफादार हुनुपर्ने छ । राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वाभिमान र सामाजिक एवं साँस्कृतिक सद्भावको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु निजको दायित्व हुनेछ ।

**९. समितिको सम्पर्ककार्यालय** ः समितिको सम्पर्ककार्यालय जिल्ला विकास समितिमा रहनेछ । कार्यालय प्रयोजनको लागि केन्द्रबाट प्राप्त अनुदान र आन्तरिक श्रोतबाट जिल्ला विकास समितिले आवश्यकताको आधारमा व्यवस्थापन गर्नेछ ।

**१०. निर्देशनदिन सक्नेः-** संघीय मामिलातथा स्थानीयविकास मन्त्रालयले जिल्लाविकास समितिमार्फत समितिलाई आवश्यकनिर्देशनदिन सक्नेछ । त्यस्तो निर्देशनकोपालनागर्नु समितिको कर्तव्यहुनेछ । साथै आदिवासीजनजातिउत्थान राष्ट्रिय प्रतिष्ठानले समेतकार्यक्रम सञ्चालनकालागिथपमार्गदर्शन दिन सक्नेछ ।

**११. थपघट र हेरफेर** ः-मुलुकको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरीसंघीय मामिला तथास्थानीय विकास मन्त्रालयले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

**१२. खारेजी र बचाउ** ः-(१) आदिवासी जनजाति जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन)कार्यविधि, २०७१, खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(३) यो कार्यविधि लागू भएपछि साविक कार्यविधि अनुसार नियुक्ति भएका पदेन बाहेकका पदाधिकारी स्वतः पदमुक्त हुनेछन् ।